**अख्तियार दुरुपयोग अनुसन्धान आयोग**
**टंगाल, काठमाडौं**

मिति: २०८०।०६।१० गते।

# प्रेस विज्ञप्ति

**विषयः** अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत काठमाडौंमा दायर भएका मुद्दाहरुमा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दा।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत, काठमाडौंमा दायर भएका मुद्दाहरुमा विशेष अदालतबाट बिभिन्न मितिमा फैसला भएका मध्ये गैरकानूनी लाभ तथा हानी पुऱ्याई भ्रष्टाचार गरेको सम्बन्धी मुद्दामा आयोगको निर्णय अनुसार मिति २०८०।०६।०९ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको बिबरण देहायानुसार रहेको छ।

प्रवक्ता
भोला दाहाल

**देहायः**

| सि.नं. | प्रतिवादी | मुद्दा | आयोगको मागदावी | विशेष अदालतको फैसला र आधार | आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | प्रतिवादी पेशल कुमार पोखरेल समेत ११ जना (पेशल कुमार पोखरेल, राम कुमार पौडयाल,फलेन्द्र डि.सी.,दोर्ण प्रसाद रजौरे,टेक बहादुर डाँगी (क्षेत्री), कृष्ण बहादुर घर्ती, खल बहादुर चलाउने,कर्ण बहादुर रावत,डम्बर बहादुर पुन, निमा कुमारी बि.क. र गजु बाबु श्रेष्ठ (निधन भईसकेको)) भएको, मुद्दा नं. ०७६-CR-००१९), बिशेष अदालतबाट फैसला भएको मिति २०७९/१२/१५ | झुठ्ठा बिल भरपाई एवं झुठ्ठा कागजात पेश गरी भ्रष्टाचार गरेको। | प्रतिवादी जिल्ला विकास समितिको कार्यालय सल्यानका तत्कालीन स्थानीय विकास अधिकारी पेशल कुमार पोखरेलले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) र सोही ऐनको दफा ८ को उपदफा (१) को खण्ड (ग) र (ङ) बमोजिम कसुर गरेको पुष्टि भएको हुँदा निज प्रतिवादी लाई बिगो रकम रु.४,६४,१६१।२५ (अक्षेरुपी चार लाख चौसठ्ठी हजार एक सय एकसठ्ठी र पैसा पच्चीस मात्र) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम सजाय गरी बिगो असुलउपर हुनसमेत मागदावी लिइएको ।<br>प्रतिवादी राम कुमार पौडयाल उपर बिगो रकम रु.४,६४,१६१।२५ (अक्षेरुपी चार लाख चौसठ्ठी हजार एक सय एकसठ्ठी र पैसा पच्चीस मात्र) कायम गरी निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) र दफा ८ को उपदफा (१) को खण्ड (ग) र (ङ) को कसुरमा सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम सजाय गरी बिगो असुलउपर हुनसमेत मागदावी लिइएको।<br>प्रतिवादी साविक जिल्ला विकास समितिको कार्यालय, सल्यानका सब इन्जिनियर दोर्ण प्रसाद रजौरेले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) र सोही ऐनको दफा ८ | **फैसलाः**<br>प्रतिवादीहरुलाई आंशिक ठहर, आरोप दावी नपुग्ने तथा सफाई हुने समेतको देहाय बमोजिम फैसला भएको।<br>**प्रतिवादी पेशल कुमार पोखरेलको हकमाः**<br>निज प्रतिवादीलाई कसूरदार ठहरी सजाय हुने अवस्था नदेखिएको भनी निज प्रतिवादीले आरोपित कसूरबाट सफाई पाउने।<br>**प्रतिवादी राम कुमार पौडयालको हकमाः**<br>निज प्रतिवादीलाई कसूरदार ठहरी सजाय हुने अवस्था नदेखिएको भनि निज प्रतिवादीले आरोपित कसूरबाट सफाई पाउने।<br>**प्रतिवादी दोर्ण प्रसाद रजौरेको हकमाः**<br>निज प्रतिवादीलाई ३ महिना कैद र निजको हकमा हानी नोक्सानीको बिगो रु.३,५१,२००।– को दामासाहीले रु.७०,२४०।– जरिवाना सजाय हुने भनी फैसला भएको।<br>**प्रतिवादी फलेन्द्र डि. सी. को हकमाः**<br>प्रतिवादी फलेन्द्र डि.सी.ले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) र सोही ऐनको दफा ८ को उपदफा (१) को (ग) बमोजिमको कसूर गरेको देखिन आएकोले निज प्रतिवादीलाई ३ महिना कैद र निजको हकमा हानी नोक्सानीको बिगो रु.३,५१,२००।– को दामासाहीले रु.७०,२४०।– जरिवाना हुने ठहरी फैसला भएको।<br>**प्रतिवादी टेक बहादुर डाँगी (क्षेत्री) को हकमाः**<br>निज प्रतिवादीलाई कसूरको मात्रा अनुसार ३ महिना कैद र हानी नोक्सानीको बिगो रु.३,५१,२००।– को दामासाहीले रु.७०,२४०।– जरिवाना हुने ठहरी फैसला भएको।<br>**प्रतिवादी कृष्ण बहादुर घर्तीको हकमाः**<br>नेपाल सरकारको हानीनोक्सानी भएको बिगो रु.३,५१,२००।– कायम भएको हुँदा सोही आधारमा निज प्रतिवादीको हकमा हानीनोक्सानी भएको बिगो रु.३,५१,२००।– को दामासाहीले रु.७०,२४०।– जरिवाना हुने तथा कसूरको मात्रा अनुसार ३ महिना कैद सजाय हुने | ❖ प्रतिवादी साविक जिल्ला विकास समितिको कार्यालय सल्यानका तत्कालीन **स्थानीय विकास अधिकारी पेशल कुमार पोखरेल** आफू जिम्मेवार कार्यालय प्रमुख रहनु भएको हुँदा निजले आफू सुपरीवेक्षण तथा अनुगमनमा गई भवन निर्माण भएको यकीन गरेर मात्र रकम भुक्तानी गर्ने व्यवस्था गर्नु पर्नेमा निजले आफ्नो पदीय जिम्मेवारी तथा उत्तरदायित्व समेतलाई वेवास्ता गरी सुपरीवेक्षण तथा अनुगमनमा आफू नगई उक्त कार्यालयका नायब सुब्बालाई पठाई बदनियतपूर्वक जिम्मेवारी पन्छाउने काम गरेको र आफ्नो कर्तव्य निर्वाह नगरेको कारण नेपाल सरकारलाई हानीनोक्सानी भएको मिशिल संलग्न तथ्य, प्रमाण र आधारहरुलाई अनदेखागरी निज प्रतिवादी योजना कार्यान्वयन भएको छ छैन भनी स्थलगत रुपमा निरीक्षण गर्नु पर्ने दायित्व भएका कर्मचारी नभएका भन्ने समेत आधारमा उच्च पदस्थ जिम्मेवार व्यक्तिलाई सजाय नगरी निजले आरोपित कसूरबाट सफाई पाउने ठहरी भएको फैसला प्रमाण विवेचनाको रोहमा त्रुटीपुर्ण भएकोले बदरभागी रहेको।<br>❖ प्रतिवादी साविक जिल्ला विकास समितिको कार्यालय सल्यानका तत्कालीन समयका **लेखा अधिकृत राम कुमार पौडयाल** सरकारी रकम कलमको लेखांकन, अभिलेख तथा भुक्तानी गर्ने गराउने जिम्मेवार पदमा रहेर पनि योजनाहरुको यथार्थ किसिमको काम सम्पन्न भएको यकीन गर्न, प्राप्त कागजातहरु र सम्पन्न भएको कामको आफूसमेत अनुगमन तथा सुपरीवेक्षण गर्न जान सक्नेमा सो समेत नगरी बदनियतपूर्वक तयार भई आएको सम्बन्धित प्राविधिकको सिफारिसलाई मात्र प्रमुख आधारमानी आफूले सरकारी रकमको भुक्तानी गर्दा कुनै जिम्मेवारीवोध नै नगरी गलत प्रतिवेदनको आधारमा बदनियतपूर्वक भुक्तानी गरेको देखिंदा देखिंदै उक्त कुरालाई अनदेखागरी लेखा अधिकृत जस्तो आर्थिक अनुशासनको महत्वपूर्ण जिम्मेवारी भएको व्यक्तीलाई निजको कुनै भुमिका र कर्तव्य नै नभएको देखाई निजले आरोपित कसूरबाट सफाई पाउने ठहरी भएको फैसला त्रुटीपूर्ण भएकोले बदरभागी रहेको।<br>❖ प्रतिवादीहरु उपर जिल्ला सल्यान काप्रेचौर गा.वि.स.वडा नं.७ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | को उपदफा (१) को (ग) र (ङ) बमोजिमको कसुर गरेको पुष्टि भएको हुँदा निज प्रतिवादी उपर बिगो रु.८,४७,०००।- (अक्षेरुपी आठ लाख सतचालिस हजार मात्र) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम सजाय गरी बिगो असुलउपर हुनसमेत मागदावी लिइएको।<br>प्रतिवादी साविक जिल्ला विकास समितिको कार्यालय, सल्यानका असिष्टेन्ट सब इन्जिनियर फलेन्द्र डि.सी.ले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) र सोही ऐनको दफा ८ को उपदफा (१) को (ग) र (ङ) बमोजिमको कसुर गरेको पुष्टि भएको हुँदा निज प्रतिवादी उपर बिगो रु.८,४७,०००।- (अक्षेरुपी आठ लाख सतचालिस हजार मात्र) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम सजाय गरी बिगो असुल उपर हुनसमेत मागदावी लिइएको।<br>साविक काप्रेचौर गा.वि.स.का सचिव टेक बहादुर डाँगी (क्षेत्री) ले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) र सोही ऐनको दफा ८ को उपदफा (१) को (ग) र (ङ) बमोजिम कसुर गरेको पुष्टि भएको हुँदा निज प्रतिवादी उपर बिगो रु.३,५५,३३८।७५ (अक्षेरुपी तीन लाख पचपन्न हजार तीन सय अठ्तीस र पैसा पचहत्तर मात्र) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम | ठहरी फैसला भएको।<br>**प्रतिवादी खल बहादुर चलाउनेको हकमाः**<br>नेपाल सरकारको हानीनोक्सानी भएको बिगो रु.३,५१,२००।– कायम गरी सोही आधारमा निजको हकमा हानीनोक्सानीको बिगो रु.३,५१,२००।– को दामासाहीले रु.७०,२४०।– जरिवाना हुने तथा कसूरको मात्रा अनुसार ३ महिना कैद सजाय हुने ठहरी फैसला भएको।<br>**प्रतिवादी कर्ण बहादुर रावतको हकमाः**<br>निज प्रतिवादीले बुझेको जम्मा रकम रु.९,२२,५००।– मा रु.५,७१,३००।– रकम कट्टा गर्दा बाँकी रकम रु.३,५१,२००।– मात्र हिनामिना गरी नेपाल सरकारलाई हानी नोक्सानी पुऱ्याई आरोपदावी बमोजिमको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिमको कसूर गरेको देखिएकोले निज प्रतिवादीको कसूरको मात्रा र हानीनोक्सानीको बिगो रकम समेतलाई विचार गर्दा निज प्रतिवादीलाई कैद नगरी हानीनोक्सानी गरेको बिगो रकम रु.३,५१,२००।– बमोजिम जरिवाना सजाय हुने र हानीनोक्सानी गरेको बिगो रकम रु.३,५१,२००।– समेत निजबाट असुल उपर गर्ने ठहरी फैसला भएको।<br>**प्रतिवादी डम्मर बहादुर पुनको हकमाः**<br>निज प्रतिवादीले नेपाल सरकारलाई हानी नोक्सानी गराई आफुलाई गैरकानूनी लाभ लिने बदनियत रहे भएको देखिन नआएकोले निज प्रतिवादीले आरोपित कसूरबाट सफाई पाउने ठहरी फैसला भएको।<br>**प्रतिवादी निमा कुमारी बि.क.को हकमाः**<br>निज प्रतिवादीले आरोपित कसूरबाट सफाई पाउने ठहरी फैसला भएको।<br>**प्रतिवादी गजुबाबु श्रेष्ठ (निधन भईसकेको)को हकमाः**<br>निज प्रतिवादी गजु बाबु श्रेष्ठ मृतक व्यक्तिलाई नै प्रतिवादी बनाएको कानूनतः मिलेको नदेखिएको र निज उपरको बिगो तर्फको आरोप दावी पुग्न नसक्ने ठहरी फैसला भएको।<br>विशेष अदालतले फैसला गर्दा लिएका आधारहरुः<br>**प्रतिवादी पेशल कुमार पोखरेल र प्रतिवादी राम कुमार पौड्यालको** | घुईयावारीमा रहेको श्री नेपाल राष्ट्रिय माध्यमिक विद्यालयको भवन निर्माणको लागि जिल्ला विकास समिति सल्यानबाट रु.५,५०,०००।– विनियोजन गरिएकोमा कन्टिन्जेन्सी र मर्मत सम्भार कोष बापत रु.२७,५००।– कटाई बाँकी रु.५,२२,५००।– निकासा भएको, त्यसै गरी काप्रेचौर गा.वि.स.बाट रु.४,००,०००।– गरी जम्मा रु.९,२२,५००।– (अक्षेरुपी नौ लाख बाईस हजार पाँचसय मात्र) निकासा भएकोमा भवन निर्माण उपभोक्ता समितिको खातामा रु.१,०३,०००।– मौज्दात रही बाँकी रकम रु.८,४७,०००।– (अक्षेरुपी आठ लाख सतचालीस हजार मात्र) बराबरको सरकारी रकमको कार्य सम्पन्न भएको भनी हुँदै नभएको कामको बिल भर्पाई बनाई रकम निकासा दिई लिई सरकारी सार्वजनिक रकमको हानी नोक्सानी गरेको र उक्त विद्यालय समेत मिति २०७१ साल श्रावण २९ गते बबई नदीमा आएको बाढीले बगाई लगेको भन्ने आरोप दावी रहेको छ ।<br>❖ प्रतिवादी साविक जिल्ला विकास समितिको कार्यालय सल्यानका तत्कालीन **सब-ईन्जिनियर दोर्ण प्रसाद रजौरे** तथा प्रतिवादी साविक जिल्ला विकास समितिको कार्यालय, सल्यानका तत्कालीन **असिस्टेन्ट ओभरसियर फलेन्द्र डि.सी.** समेतले तयार पारेको प्राविधिक मुल्यांकन सम्बन्धी कागजात, नापी किताब तथा प्रतिवेदनको आधारमा कार्य सम्पन्न नहुँदै नेपाल सरकारलाई हानीनोक्सानी पुग्ने गरी बदनियतपूर्वक झुट्टा कागजात तथा प्रतिवेदन समेत पेश गरी निज प्रतिवादीहरुले आरोप पत्रको आरोपदावीमा उल्लेखित रकम रु.८,४७,०००।– (अक्षेरुपी आठ लाख सतचालिस हजार मात्र) बराबरको सरकारी रकमको हिनामिना गरी नेपाल सरकारको हानी नोक्सानी गरेको आरोपदावी रहेको। मिति २०७१/०३/१९ मा तत्कालिन काप्रेचौर गा.वि.स.का सचिव टेक बहादुर डाँगीको अध्यक्षतामा सर्वदलीय/सर्वपक्षीय वैठक बसी गरेको निर्णयमा भवन निर्माण उपभोक्ता समितिका कोषाध्यक्ष र सचिवको जानकारी तथा बिल भर्पाई अनुसार रु.४,६८,३००।– बराबरको विद्यालय निर्माण सामाग्री खरिद गरी टाईविम सम्मको काम पुरा भएको र बाँकी रकम रु.४,३१,७००।– उपभोक्ता समितिका अध्यक्ष कर्ण बहादुर रावतले काम सम्पन्न नगरेको र सामाग्री खरिदमा समेत हिनामिना गरेको कुरा सर्वसहमतिबाट ठहर गरी निर्णय गरियो |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | सजाय गरी बिगो असुलउपर हुनसमेत मागदावी लिइएको।<br>प्रतिवादी कृष्ण बहादुर घर्तीले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को खण्ड (ग) र (ङ) बमोजिमको कसुर गरेको पुष्टि भएको हुँदा निज प्रतिवादीलाई बिगो रु.३,५५,३३८।७५ (अक्षेरुपी तीन लाख पचपन्न हजार तीन सय अठ्तीस र पैसा पचहत्तर मात्र) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम सजाय गरी बिगो असुलउपर हुनसमेत मागदावी लिइएको ।<br>प्रतिवादी खल बहादुर चलाउनेले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को खण्ड (ग) र (ङ) बमोजिमको कसुर गरेको पुष्टि भएको हुँदा निज प्रतिवादीलाई बिगो रु.३,५५,३३८।७५ (अक्षेरुपी तीन लाख पचपन्न हजार तीन सय अठ्तीस र पैसा पचहत्तर मात्र) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम सजाय गरी बिगो असुलउपर हुनसमेत मागदावी लिइएको।<br>प्रतिवादी भवन निर्माण उपभोक्ता समितिका अध्यक्ष कर्ण बहादुर रावतले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिम कसुर गरेको पुष्टि भएको हुँदा निज प्रतिवादी कर्ण बहादुर रावतउपर बिगो रु.८,४७,०००।- (अक्षेरुपी आठ लाख सतचालिस हजार मात्र) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को | **हकमाः**<br>आरोपदावीमा उल्लेखित सुपरीवेक्षण तथा अनुगमन समिति र उपसमिति गठन गर्ने अधिकार निज प्रतिवादीहरुको नभएको, सुपरीवेक्षण तथा अनुगमन समितिको प्रतिवेदन लिएर मात्र रकम भुक्तानी गर्नु पर्ने भन्ने आरोपदावी कानून सम्मत नरहेको, निज प्रतिवादीहरु योजना कार्यान्वयन भएको छ छैन भनी स्थलगत रुपमा निरीक्षण गर्नु पर्ने दायित्व भएका कर्मचारी नभएका, प्राविधिकले पेश गरेको कार्यसम्पन्न प्रतिवेदन र मुल्यांकनका आधारमा रकम भुक्तानी गर्नु पर्ने आधारमा भएकाले निजहरुको बदनियत रहेको भन्न नमिल्ने,असल नियतले भुक्तानी गरेको कार्यलाई बदनियत राखी नेपाल सरकारलाई हानी नोक्सानी पुर्याएको भनी कसूर ठहर गर्न नमिल्ने, निज प्रतिवादीहरुले न त निर्धारित शर्त तथा मापदण्ड विपरित निर्माण कार्य गर्ने गराउने कार्य गरेका छन् न त निर्धारित शर्त तथा मापदण्ड विपरित निर्माण भएका कार्यलाई जानी जानी प्रमाणित/स्वीकृत गरेका छन्, न त निज प्रतिवादीहरुले झुठ्ठा बिल बनाई भुक्तानी नै दिएका छन्, आरोपदावीमा वादीले उल्लेख गरेका कुनैपनि कसूर यी प्रतिवादीहरुले गरेका देखिंदैन, भवन निर्माण समितिका अध्यक्ष सह प्रतिवादी कर्ण बहादुर रावतले यी प्रतिवादीहरुलाई पोल बयान गरेको अवस्था समेत नभएको, प्रतिवादीहरुले व्यक्तिगत लाभ लिएको तथ्य पनि नदेखिएको।<br>**प्रतिवादी दोर्ण प्रसाद रजौरैको हकमाः**<br>निज प्रतिवादीले अदालतमा बयान गर्दा बिद्यालयको लगत ईस्टमेट र मुल्यांकन गरेको कुरामा साबित रही बयान गरेका, मौकामा बयान गर्दा बिद्यालयको सम्पुर्ण कार्य गर्ने भनी दलहरु र उपभोक्ता समितिले प्रतिवद्धता जाहेर गरेकाले नापी उठाईएको भनी कसूरमा साबित भएको, मौकाको बयानमा गल्ती महशुस भएको जवाफ दिएका, मिशिल संलग्न राष्ट्रिय मा.वि.भवन निर्माण घुईयावारीको नापी किताब हेर्दा नापी उठाउने कार्य र कार्य सम्पन्न प्रतिवेदन तयार गर्ने कार्य निज प्रतिवादीले गरेका, निज प्रतिवादी दोर्ण प्रसाद रजौरैले निर्माण सम्पन्न नै नभएको बिद्यालय भवनको निर्माण सम्पन्न भएको भनी नापी किताब र कार्य सम्पन्न प्रतिवेदन तयार गरेका।<br>**प्रतिवादी फलेन्द्र डि. सी. को हकमाः** | भन्ने व्यहोराको निर्णय भएको देखिन्छ । उक्त निर्णय गर्दा जि.वि.स.बाट प्राप्त रकम रु.५,२२,५००।– (मिति २०६८।०२।०८ मा चेक नं. ४०१३७२२२ बाट पेश्की लिएको रकम रु.१,५६,०००।–र मिति २०६८।०८।१८ मा चेक नं ४०८०९१९८ बाट रु.३,६६,५००।– भुक्तानी प्राप्त गर्दा गत आ.व.को पेश्की फछ्र्यौट समेत गरी तथा तत्कालिन समयको चालु आ.व.को खर्च लेखी विद्यालय भवन निर्माण उपभोक्ता समितिलाई अन्तिम भुक्तानी प्राप्त भएको मिशिल संलग्न गोश्वारा भौचर समेतबाट स्पष्ट देखिएको), गा.वि.स.बाट प्राप्त रकम रु.४,००,०००।– (मिति २०६८।०२।०९ मा चेक नं.४०१३१११६ बाट रु.१,५०,०००।– विद्यालय भवन निर्माणको लागि पेश्की लिएको र मिति २०६८।०३।२९ मा रु. १,५०,०००।- भुक्तानी प्राप्त गर्दा विगतको पेश्की फछ्र्यौट समेत गरी विद्यालय भवन निर्माण उपभोक्ता समितिलाई अन्तिम भुक्तानी प्राप्त भएको, त्यस्तै मिति २०६९।०३।२५ मा सोही विद्यालय भवन रंगरोगन तथा ग्रिल सम्बन्धी कामको लागि चेक नं. ४०८७९८९१ बाट रु.१,००,०००।– भुक्तानी भएको मिशिल संलग्न बैंक भौचर तथा गोश्वारा भौचर समेत) जोड्दा हुन आउने कुल रकम रु.९,२२,५००।– मा भवन निर्माण उपभोक्ता समितिका कोषाध्यक्ष र सचिवको जानकारी तथा बिलभर्पाई अनुसार काम सम्पन्न भएको भनिएको रकम रु.४,६८,३००।– र नेपाल सरकारको खातामा फिर्ता हुन आएको रकम रु.१,०३,०००।– घटाउँदा हुन आउने जम्मा रकम रु.३,५१,२००।– लाई मात्र कुल बिगो कायम गरी निर्णय भएको।<br>❖ अख्तियार दुरुपयोग अनुसन्धान आयोगले अनुसन्धान अगाडी बढाईसकेको विषयमा जानकार भई आयोगको अनुसन्धानलाई प्रभावित पार्न अस्तित्व नै नरहेको विद्यालयमा यो यती काम भएको थियो भनी तत्कालिन समयका गा.वि.स.सचिवको अध्यक्षतामा बसेको सर्वदलीय/सर्वपक्षीय बैठकले गरेको मनगढन्ते निर्णयको कुनै आधार नै हुन नसक्ने अवस्थामा सम्मानित बिशेष अदालत काठमाण्डौबाट तत्कालिन काप्रेचौर गा.वि.स.का सचिव टेक बहादुर डाँगीको अध्यक्षतामा बसेको सर्वदलीय/सर्वपक्षीय वैठकको निर्णयलाई प्रमुख आधारमानी |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | दफा ८ को उपदफा (४) बमोजिम सजाय गरी बिगो असुलउपर हुनसमेत मागदावी लिइएको ।<br>भवन निर्माण उपभोक्ता समितिका सचिब डम्मर बहादुर पुनले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिम कसुर गरेको पुष्टि भएको हुँदा निज प्रतिवादी उपर बिगो रु.८,४७,०००।- (अक्षेरुपी आठ लाख सतचालिस हजार मात्र) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिम सजाय गरी बिगो असुलउपर हुनसमेत मागदावी लिइएको।<br>प्रतिवादी भवन निर्माण उपभोक्ता समितिका कोषाध्यक्ष निमा बि.क.ले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिम कसुर गरेको पुष्टि भएको हुँदा निज प्रतिवादी उपर बिगो रु.८,४७,०००।- (अक्षेरुपी आठ लाख सतचालिस हजार मात्र) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिम सजाय गरी बिगो असुलउपर हुनसमेत मागदावी लिइएको।<br>प्रतिवादी इन्जिनियर गजुबाबु श्रेष्ठले रु.८,४७,०००।- (अक्षेरुपी आठ लाख सतचालिस हजार मात्र) बराबरको रकम हिनामिना गरी नेपाल सरकारलाई हानिनोक्सानी गराइएको पाइएकोले निजले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) र सोही ऐनको दफा ८ को उपदफा (१) को (ग) र (ङ) बमोजिमको कसुर गरेको | निज प्रतिवादीले मौकामा फरार रही अदालतबाट समेत म्याद जारी भई म्याद तामेल हुँदा बेपत्ते म्याद तामेल भएको, नेपाल राष्ट्रिय माध्यमिक बिद्यालय भवन निर्माण घुईयावारीको नापी किताब र कार्य सम्पन्न प्रतिवेदन निज समेत भई तयार भएको देखिन आएको, समान आरोपदावी भएका प्रतिवादी दोर्ण प्रसाद रजौरेको हकमासमेत आरोपदावी बमोजिमको कसूर ठहर भएको।<br>__प्रतिवादी टेक बहादुर डाँगी (क्षेत्री) को हकमाः__<br>निज प्रतिवादीले मौकाको बयान र अदालतको बयानमा बदनियत राखी आफुलाई फाईदा र नेपाल सरकारलाई हानी नोक्सानी पार्ने काम गरेको छैन भनी कसूरमा ईन्कार रही बयान गरेका, निज प्रतिवादीको अध्यक्षतामा बसेको मिति २०७१/०३/१९ को गाउँस्तरीय सर्वदलीय/सर्वपक्षीय भेलाले रु.४,६८,३००।– बराबर बिद्यालय निर्माण सामाग्री खरीद गरी टाईविम सम्मको काम पुरा भएको निर्णय गरेको देखिएको, निज प्रतिवादी टेक बहादुर डाँगीले विद्यालय भवन निर्माण सम्पन्न नभएको अवस्थामा झुट्ठा नापी किताब, कार्य सम्पन्न प्रतिवेदन र बिल भर्पाईका आधारमा भुक्तानी गरेको देखिएको, निज प्रतिवादीले आफ्नो गा.वि.स.अन्तर्गत बन्न लागेको विद्यालय भवनको निर्माण कार्य सम्पन्न भएको हो होईन भनी निरीक्षण गरी भुक्तानी गर्नु पर्नेमा निरीक्षण नै नगरी विद्यालय भवन निर्माण सम्पन्न प्रतिवेदन र बिल भर्पाईका आधारमा रकम भुक्तानी गरेको।<br>__प्रतिवादी कृष्ण बहादुर घर्ती र प्रतिवादी खल बहादुर चलाउनेको हकमाः__<br>निज प्रतिवादीहरुले आरोपदावी बमोजिमको रकम भुक्तानीका लागि गा.वि.स. को कार्यालयलाई पत्र लेखेको स्वीकार गरेका, निज प्रतिवादीहरुले अदालतमा बयान गर्दा छिटो विद्यालय भवन निर्माण हुने तथा सहयोग होस् भन्ने अभिप्रायले पत्र पठाएको तर सरकारी रकम हिनामिना गर्ने बदनियत राखी पत्र पठाएको होईन भनी आरोपित कसूरमा ईन्कार रही बयान गरेका,निज प्रतिवादीहरुको पत्र लेखाईको व्यहोराले नै बदनियत पुष्टी भएको, निज प्रतिवादीहरुबाट प्रेषित पत्रको कारणबाट नेपाल सरकारको रकम हिनामिना भई नेपाल सरकारलाई हानी नोक्सानी पर्न गएको देखिएको ।<br>__प्रतिवादी कर्ण बहादुर रावतको हकमाः__<br>निज प्रतिवादी गा.वि.स.र जि.वि.स.दुवै कार्यालयबाट विद्यालयको | प्रस्तुत मुद्दाको आरोप पत्रमा उल्लेखित आरोपमागदावी भन्दा न्यून बिगो रु.३,५१,२००।–(अक्षेरुपी तीनलाख एकाउन्न हजार दुईसय मात्र) मात्र कायम गरी निज प्रतिवादीहरुलाई भएको सजायमा सार्वजनिक सम्पत्तिको हिनामिना भएको अंक भन्दा कम भई निजहरुको कसूरको मात्राको अनुपातमा नमिलेको तथा कसूरको गम्भीरतालाई समेत मध्यनजर गरिएको नदेखिएकोले उक्त फैसला सो हदसम्म त्रुटिपुर्ण भएकोले बदरभागी रहेको।<br>❖ प्रतिवादी साविक गाउँ विकास समितिको कार्यालय, काप्रेचौर, सल्यानका तत्कालिन **गा.वि.स.सचिव टेक बहादुर डाँगी (क्षेत्री)** ले विद्यालय भवन निर्माण सम्पन्न नभएको अवस्थामा झुट्ठा नापी किताब, कार्य सम्पन्न प्रतिवेदन र बिल भर्पाईका आधारमा भुक्तानी गरेको, आफ्नो गा.वि.स. अन्तर्गत बन्न लागेको विद्यालय भवनको निर्माण कार्य सम्पन्न भएको हो होईन भनी निरीक्षण गरी यकीन गरेर मात्र भुक्तानी गर्नु पर्नेमा निजले बदनियत पूर्वक नेपाल सरकारलाई हानिनोक्सानी पुऱ्याउने ढंगले काम गरेको आधारमा निजको दोषको मात्रा बढी नै हुने देखिएको कुरालाई अनदेखागरी तथा हानी नोक्सानी भएको आरोप पत्रको आरोपदावीमा उल्लेखित बिगो रकम रु.३,५५,३३८।७५ (अक्षेरुपी तीन लाख पचपन्न हजार तीन सय अड्तीस र पैसा पचहत्तर मात्र) कायम गरी सजाय हुनु पर्नेमा निज प्रतिवादीलाई आरोप मागदावी भन्दा न्युन बिगो कायम हुने गरी भएको फैसला सो हदसम्म त्रुटीपूर्ण रहेको।साथै माथी प्रकरण नं. (घ) र (ङ) मा विवेचित आधारबाट समेत प्रतिवादी **टेक बहादुर डाँगी (क्षेत्री)** लाई आरोप मागदावी भन्दा कम बिगो कायम गरी सजाय गरेको फैसला सो हदसम्म त्रुटीपूर्ण रहेको।<br>❖ प्रतिवादी साविक नेपाल राष्ट्रिय माध्यमिक विद्यालय, घुईयाबारी, सल्यानका तत्कालिन **प्रधानाध्यापक कृष्ण बहादुर घर्ती** र प्रतिवादी साविक नेपाल राष्ट्रिय माध्यमिक विद्यालय, घुईयाबारी, सल्यानका तत्कालिन **निमित्त प्रधानाध्यापक खल बहादुर चलाउनेले** बदनियत पूर्वक अन्तिम किस्ता भुक्तानी पाउने बारे र अनुदान रकम निकाशा गरिदिने बारे भन्ने बिषय समेतको पत्राचार गरेको कारणबाट नेपाल सरकारको रकम हिनामिना तथा हानी नोक्सानी भएको तथ्य तथा प्रमाणको आधारमा निज प्रतिवादीहरुलाई आरोपपत्रको आरोपदावीमा उल्लेखित बिगो रकम रु.३,५५,३३८।७५ (अक्षेरुपी तीन लाख पचपन्न हजार |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | पुष्टि भएको र निज प्रतिवादीको मिति २०७३/१०/०४ गते मृत्यु भएको भनी मिशिल संलग्न मृत्यु दर्ता प्रमाण-पत्रसमेतको कागजातबाट देखिएकोले मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३३ को उपदफा (१) बमोजिम निजलाई सजाय हुने नदेखिएता पनि भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४६ बमोजिम बिगो असुलउपर गर्ने प्रयोजनको लागि भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम बिगो असुल हुन मागदावी लिइएको । | ४ कोठा भवन निर्माणको लागि प्राप्त भएको रकमको भवन निर्माण समितिको अध्यक्ष रहेको, निजले गा.वि.स.र जि.वि.स.बाट सम्झौता गरी रु.४,००,०००।– र रु.५,२२,५००।– गरी जम्मा रु.९,२२,५००।– प्राप्त गरेका, निज प्रतिवादीले अन्तिम बिम ढलान सम्मको कार्य गरेको स्थलगत प्रतिवेदन, स्थलगत सर्जमिन एवं गाउँस्तरीय सर्वदलीय/सर्वपक्षीय भेलाको वैठकको निर्णय देखिएको, अन्तिम बिम ढलान सम्मको कार्य भएको तर छत ढलान/स्ल्याव ढलान कार्यमात्र बाँकी रहेको देखिएको, मिति २०७१/०३/१९ मा काप्रेचौर गा.वि.स.का सचिव टेक बहादुर डाँगीको अध्यक्षतामा सर्वदलीय/सर्वपक्षीय वैठक बसी गरेको निर्णयमा बिलभरपाई अनुसार रु.४,६८,३००।– बराबरको विद्यालय निर्माण सामाग्री खरिद गरी टाईविम सम्मको काम पुरा भएको र बाँकी रकम रु.४,३१,७००।– उपभोक्ता समितिका अध्यक्ष कर्ण बहादुर रावतले काम सम्पन्न नगरेको र सामाग्री खरिदमा समेत हिनामिना गरेको कुरा सर्वसहमतिबाट ठहर गरी निर्णय गरियो भनी उल्लेख गरेको देखिएको, निर्माण कार्य सम्पन्न नहुँदै कार्य सम्पन्न भएको प्रतिवेदन बनाई भुक्तानी लिएकोमा गल्ती महशुस भएको छ भनी मौकाको बयानको स.ज.१४ मा जवाफ दिएका ।<br>प्रतिवादी डम्मर बहादुर पुन र प्रतिवादी निमा कुमारी बि.क.को हकमा:<br>निज प्रतिवादीहरु क्रमश: भवन निर्माण समितिका सचिव तथा कोषाध्यक्ष भएतापनि रकम भुक्तानी लिने सम्बन्धी सम्पुर्ण कार्य भवन निर्माण समितिका अध्यक्ष कर्ण बहादुर रावतले गरेका भन्ने तथ्य सह प्रतिवादी कृष्ण बहादुर घर्ती र खलबहादुर चलाउनेको बयानबाट देखिएको, मिति २०७१/०३/१९ को गाउँ स्तरीय सर्वदलीय/सर्वपक्षीय वैठकले कर्ण बहादुर रावतले रकम हिनामिना गरेको भनी लेखाई दिएका, जि.वि.स.र गा.वि.स. कार्यालयसंग सम्झौता पनि सह प्रतिवादी कर्ण बहादुर रावतले नै गरेका, यी प्रतिवादीहरुले सम्झौतामा हस्ताक्षर नगरेका, रकम हिनामिना गर्ने झुट्टा बिल भरपाई बनाउने कार्यमा निज प्रतिवादीहरुको पनि संलग्नता थियो भनी सह प्रतिवादीको पोल बयान समेत नभएको, निज प्रतिवादीहरु प्रस्तुत मुद्दाको वारदातमा प्रत्यक्ष रुपमा संलग्न रहे भएको नदेखिएको, नेपाल सरकारलाई हानी नोक्सानी गराई आफूहरुलाई गैरकानूनी लाभ लिने बदनियत | तीन सय अड्तीस र पैसा पचहत्तर मात्र) कायम गरी सजाय हुनु पर्नेमा निज प्रतिवादीहरुलाई आरोप मागदावी भन्दा न्यून बिगो कायम हुने गरी फैसला भएको। साथै माथी प्रकरण नं. (घ) र (ङ) मा विवेचित आधारबाट समेत प्रतिवादीहरु **कृष्ण बहादुर घर्ती र खल बहादुर चलाउनेलाई** आरोप मागदावी भन्दा कम बिगो कायम गरी सजाय गरेको फैसला सो हदसम्म त्रुटीपूर्ण रहेको।<br>❖ प्रतिवादी **कर्ण बहादुर रावत** नेपाल राष्ट्रिय माध्यमिक विद्यालय भवन निर्माण समितिको अध्यक्ष रहेका, भवन निर्माण नहुँदै कार्य सम्पन्न भएको प्रतिवेदन बनाई रकम भुक्तानी लिएकोमा गल्ती महशुस भएको छ भनी मौकाको बयानमा निजले आफ्नो कसूर स्वीकार गरी साबिति रहेको र निजको कारणबाट भएको उल्लेखित हानी नोक्सानीको बिगो रकम रु.८,४७,०००।– (अक्षेरुपी आठ लाख सतचालिस हजार मात्र) बराबरको सरकारी रकम हिनामिना गरी नेपाल सरकारको हानी नोक्सानी गरेको आरोप मागदावीको कुल बिगो रकम भन्दा न्यून रकम बिगो रकम कायम हुने फैसला भएको। माथी प्रकरण नं. (घ) र (ङ) मा विवेचित आधारबाट समेत प्रतिवादी कर्ण बहादुर रावतलाई आरोपदावी भन्दा कम बिगो कायम गरी सजाय गरेको फैसला सो हदसम्म त्रुटीपूर्ण रहेको।<br>❖ प्रतिवादीहरु **डम्बर बहादुर पुन र निमा कुमारी बि.क.**नेपाल राष्ट्रिय माध्यमिक विद्यालयको भवन निर्माण उपभोक्ता समितिको क्रमश: सचिव तथा कोषाध्यक्षको जिम्मेवारीमा रहेको। प्रतिवादीहरु **डम्बर बहादुर पुन, निमा कुमारी बि.क.** र उपभोक्ता समितिको अध्यक्ष कर्ण बहादुर रावतको संयुक्त दस्तखतबाट उपभोक्ता समितिको खाता सञ्चालनमा रहेको। रकम भुक्तानी पाउँ भनी नभए नगरेको कामको भुक्तानी माग गरी दिएको निवेदनमा यी दुईजना प्रतिवादीहरुको समेत दस्तखत रहेको। त्यसै गरी उपभोक्ता समितिको खातामा प्राप्त रकम समेत यी प्रतिवादीहरु र उपभोक्ता समितिका अध्यक्ष कर्ण बहादुर रावतको संयुक्त दस्तखतबाट निकालिएको अवस्थामा यी प्रतिवादीहरु **डम्बर बहादुर पुन र निमा कुमारी बि.क.** निर्दोष हुने भन्ने अवस्था नै नभएकोमा निजहरुलाई सफाई दिई भएको फैसला त्रुटीपूर्ण रहेको। निजहरुले आफ्नो काम जिम्मेवारीपूर्वक निर्वाह नगरेको कारण काम सम्पन्न नै नभएको विद्यालय भवन निर्माण कार्यमा झुट्टा प्रतिवेदन र कागजातको आधारमा भुक्तानी भएको |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | रहे भएको देखिन नआएको।<br>**<u>प्रतिवादी गजुबाबु श्रेष्ठ (निधन भईसकेको)को हकमा:</u>**<br>निज प्रतिवादी गजु बाबु श्रेष्ठको मृत्यु भईसकेको अवस्थामा मृतक व्यक्तिलाई बिगो असुल गर्ने प्रयोजनार्थ प्रतिवादी कायम गरी मुद्दा दायर गरेको देखिएको, मृतक व्यक्तिका अपुताली खाने हकदार खुलाई निजका हकदारलाई प्रतिवादी बनाई बिगो तर्फ दावी लिनु पर्नेमा मृतक व्यक्तिलाई नै प्रतिवादी बनाएको कानूनतः मिलेको नदेखिएको, प्रस्तुत मुद्दाको बिगो दावीको सम्बन्धमा सह प्रतिवादी कर्ण बहादुर रावतबाट असुल उपर गर्ने भनी ठहर भएकोले निज प्रतिवादीको सम्पत्तीबाट बिगो असुल गर्नु नपर्ने। | व्यहोरालाई अनदेखा गरी निज प्रतिवादीहरुको संलग्नता नभएको मानी निज प्रतिवादीहरुले आरोपित कसूरबाट सफाई पाउने ठहरी भएको फैसला त्रुटीपुर्ण भएकोले बदरभागी रहेको।<br>❖ प्रतिवादी साविक जिल्ला विकास समितिको कार्यालय, सल्यानका तत्कालीन **ईन्जिनियर गजु बाबु श्रेष्ठ (निधन भईसकेको)** को हकमा निज समेतको बदनियत पूर्ण प्राविधिक प्रतिवेदन कागजातको आधारमा नेपाल सरकारलाई हानीनोक्सानी भएको कुरामा विवाद छैन ।निज प्रतिवादी गजुबाबु श्रेष्ठको हकवाला खुलाई पठाउन आयोगलाई पत्राचार गरिएको भए आयोगबाट निजको हकवाला खुलाई पठाउन सकिने अवस्था थियो। सम्मानित बिशेष अदालत सो प्रक्रिया तर्फ अगाडी बढेको अवस्था नै छैन।बिगो असुलउपर गर्नको लागि सम्मानित बिशेष अदालतबाटै निजको कानून बमोजिमको रित पूर्वकको अपुताली पाउने प्राथमिकता अनुसारको हकवालाबाट बिगो असुल उपर हुन आवस्यक व्यवस्था हुन समेत सक्नेमा सो सम्बन्धमा दावी नपुग्ने ठहरी भएको फैसला त्रुटीपुर्ण भएकोले बदरभागी रहेको। |